# चिशंखुगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

सेर्नी, ओखलढुंगा

पत्र संख्याः २०७७/०७८ — १ नं. प्रदेश, नेपाल

## करार सेवामा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७७/०८/११)**

चिशंखुगढी गाउँपालिकाको आ.व.०७७/७८ मा विनियोजित सशर्त अनुदान अन्तर्गत लघु उद्यम विकास कार्यक्रम कार्यान्वयानार्थ गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ एवं चिशंखुगढी गाउँपालिकाको उद्यम विकास समितिको मिति २०७७/०८/११ को निर्णयानुसार देहाय बमोजिमका उद्यम विकास सहजकर्ता करार सेवामा पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक उम्मेदवारहरुबाट सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा रीतपूर्वक फाराम भरी दरखास्त पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| क्र.स. | विज्ञापन नं. | पद | तह | माग पद संख्या | शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ०६/०७७/७८ | उद्यम विकास सहजकर्ता | सहायकस्तर (पाँचौं) | १ (एक) | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तीर्ण गरेको वा सीप परीक्षण तह ३ उत्तीर्ण गरेको तथा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा (T-SLC) उत्तीर्ण गरेको | |
| २ | ०७/०७७/७८ | उद्यम विकास सहजकर्ता | सहायकस्तर (चौथो) | १ (एक) | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तीर्ण गरेको वा सीप परीक्षण तह २ उत्तीर्ण गरेको तथा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा (T-SLC) उत्तीर्ण गरेको | |

१. **शर्तः** नेपाली नागरिक भएको तथा प्रचलित कानूनद्वारा अयोग्य नठहरिएको हुनु पर्नेछ।

२. **दरखास्तको साथ पेश गर्नु पर्ने कागजातहरु :-** शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि, नागरिकता प्रमाण पत्रको प्रतिलिपि, बायो डाटा, कार्य अनुभव भए अनुभव प्रमाणपत्रको प्रतिलिपि तथा प्रचलित कानून बमोजिमका अन्य कागजातहरु ।

३. **उमेर :-** दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनु पर्नेछ।

४. **दरखास्त दिने अन्तिम मितिः** २०७७।०८।१७ गते कार्यालय समय भित्र तथा उक्त दिन सार्वजिक विदा पर्न गएमा त्यसको भोलिपल्ट सम्म दरखास्त दिन सकिनेछ।

६. **दरखास्त दस्तुर :-** रु.५००।- (यस चिशंखुगढी गाउँपालिकाको कुमारी बैंक लिमिटेडमा रहेको आन्तरिक राजश्व खाता नं. ०९२००४८६२५४०००००३ मा तोकिएको दस्तुर जम्मा गरी सक्कलै भौचर पेश गर्ने वा गाउँपालिकाको राजश्व शाखामा आम्दानी रसिद काटी नगद जम्मा गरेको सक्कल रसिद पेश गर्ने।)

७. **परीक्षाको किसिम :-** संक्षिप्त सूचि तथा अन्तर्वार्ता।

८. **परीक्षाको मिति, समय र स्थान :-** दरखास्त पेश गर्ने अन्तिम मितिबाट ५ (पाँच) दिन भित्र संक्षिप्त सूची प्रकाशन गरिनेछ तथा अन्तर्वार्ता हुने मिति, समय र स्थान सोही दिन तोकिनेछ।

९. **पारिश्रमिक तथा सेवा सुविधाः** प्रचलित कानून अनुसार सम्बन्धित तहको लागि तोकिए बमोजिम हुनेछ।

१०. **दरखास्त पेश गर्ने स्थानः-** चिशंखुगढी गाउँ कार्यपालिकाको कार्यालय, सेर्नी ओखलढुंगा अथवा online बाट पनि फारम भरी दरखास्त पेश गर्न सकिनेछ।

११. **करार अविधिः** २०७८ असार मसान्त सम्म।

१२. **प्राथमिकताः** श्रम बैंकमा सूचिकृत भएका तथा कार्य अनुभव भएकाहरुलाई प्राथमिकता दिइने छ।

१३. सहायकस्तर पाँचौं तहका लागि दरखास्त प्राप्त नभएमा वा कुनै पनि उम्मेदवार परीक्षामा उत्तीर्ण हुन नसकेमा सहायकस्तर चौथो सहजकर्ता राख्न सकिनेछ।

२०७७/०८/११

ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

*द्रष्टव्यः- अन्य थप जानकारीका लागि चिशंखुगढी गाउँ कार्यपालिका कार्यालयको फोन नं. ०३७ ... मा सम्पर्क गर्न सकिनेछ। साथै दरखास्त फाराम गाउँपालिकाको website: www.chishankhugadhimun.gov.np बाट प्राप्त गर्न सकिनेछ।*